# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) माकादुम, रामेछाप, चैत २० गते, २०७५ साल (संख्या ११

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**<u>नमूना युवा लक्षित कार्यक्रम कार्यविधि, २०७५</u>**

खाँडादेवी गाउँपालिका

**पृष्ठभूमिः-**

देशको कुल गार्हस्थ्य उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाइ भन्दा बदी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ। नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार भन्दा वढि उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन्। यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरण बाट आय आर्जन बढाउने उद्येश्यले युवा लक्षित कृषि व्यवसाय संचानार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न नेपाल सरकारले आ.व. २०७०/७१ देखि युवालक्षित कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ। तसर्थ क्रमागत रुपमा निरन्तर दिन आवश्यक देखिएकाले गाउँपालिकाले सो कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न "युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरिएको छ।

खाँडादेवी गाउँपालिका

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम "युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ।

ख) यो कार्यविधि खाँडादेवी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-** क) "युवा" लक्षित कार्यक्रम" (थ्यगतज ँयअगकभम एचयनचक) भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती र च्याउ खेती उत्पादन भन्ने बुझ्नु पर्दछ।

ख) "युवा" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्ने चाहने १८ वर्ष देखि ५० वर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ।

ग) "समिति" भन्नाले खाँडादेवी गाउँ कार्यपालिकाको समितिलाई जनाउँदछ।

घ) "च्याउ" उत्पादन कार्यक्रम भन्नाले च्याउको बीउ उत्पादन तथा विक्री वितरण, ताजा च्याउ उत्पादन गर्ने जनाउँदछ।

ङ) "सम्बन्धित गाउँपालिका" भन्नाले स्थायी वा अस्थायी रुपमा बसोबास गरी तरकारी र च्याउ खेती व्यवसाय सञ्चालन गर्ने खाँडादेवी गाउँपालिका सम्झनु पर्दछ।

च) "स्कीम" भन्नाले तरकारी र च्याउ खेती/व्यवसाय सञ्चालनको लागि तयार गरिएको प्रस्ताव भन्ने बुझ्नु पर्दछ।

**३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छ :-** क) तरकारी र च्याउ व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने।

ख) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुऱ्याउने।

ग) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

## परिच्छेद-२
## युवा लक्षित कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधि

**४. युवा लक्षित कार्यक्रमः** यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन्।

क. युवा लक्षित व्यावसायिक तरकारी उत्पादन कार्यक्रम

ख. युवा लक्षित च्याउ उत्पादन कार्यक्रम

**५. युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम छनौटका आधारहरुः**

लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्

क) तरकारी खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ।

ख) तरकारी खेतीको लागी जमीन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ। स्कीम संचालन गर्ने युवा सोही गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए पनि सम्बन्धित गाउँपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्ने छ।

ग) व्यवसायिक तरकारी खेतीको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको ५०५ भार व्यहोर्नु पर्नेछ। उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ।

खाँडादेवी गाउँपालिका

घ) महिला, दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईने छ ।

ङ) स्कीम छनौट गर्दा खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ ।

च) वातावरणीय अनुकूलका स्कीमहरुलार्य प्रोत्साहित गरिने छ ।

छ) खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय तथा अन्य सरकारी तथा गैर सरकारी निकायका अन्य कार्यक्रमबाट तरकारी खेती प्रयोजनका लागि सहयोग नलिएको स्कीम छनौट गरिने छ ।

ज) एक पटक अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन।

झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनु पर्दछ ।

**६. युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम संयोजक र निजको दायित्वः** युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

क) युवा लक्षित व्यवसयिक तरकारी उत्पादन कार्यक्रमको लागी गाउँ कार्यपालिकाको कार्यालय आर्थिक विकास शाखा (कृषि सेवा इकाई) को प्रमुख लाई संयोजक को जिम्मेवारी तोक्नु पर्दछ ।

ख) संयोजकले गाउँपालिकामा तरकारी खेतीमा देखिएका समस्या हेरी सम्बन्धित विषय विशेषज्ञ र वडा कार्यालयको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

ग) प्रत्येक स्कीम सम्बन्धि भए गरेका कार्यहरुको अभिलेख राख्नुपर्नेछ ।

खाँडादेवी गाउँपालिका

**७. युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन प्रकृयाः** युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) सूचना प्रवाहः खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयले युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे, स्थानिय पत्र पत्रिका, वडा कार्यालय तथा स्थानीय एफ.एम्फ मार्फत अनुसूचि १ बमोजिमका ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) आवेदनः उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि व्यवसायिक तरकारी उत्पादन कार्यक्रम कार्यान्वयनको लागि विदेशबाट फर्केका, विदेश जान लागेका तथा स्थानिय बेरोजगार यूवाहरुबाट अनुसुचि २ बमोजिमका ढाँचामा वडा कार्यालय वा खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक विकास शाखा (कृषि सेवा इकाई) मा आवेदन पेश गर्नुपर्नेछ । वडा कार्यालयमा पेश हुन आएका

स्कीमहरु वडा कार्यालयले खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक बिकास शाखा (कृषि सेवा इकाई) मा सिफारिस साथ स्कीम दर्ता गराउनु पर्नेछ।

ग) स्कीमः आवेदनको साथमा अनुसुची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ । हिमाली र पहाडी जिल्लाका हरेक स्किममा थोपा सिचाई सहितको २ ओटा प्लाष्टिक घर अनिवार्य समावेश हुनुपर्नेछ।

घ) छनौट प्रक्रियाः खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक बिकास शाखा (कृषि सेवा इकाई) मा दफा ७ (ग) बमोजिम युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसुचि - ६ मा उल्लेखित सूचकहरुको आधार एवं स्किम संचालन हुने स्थानको स्तलगत अवलोकन प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाको समितिमा पेश गर्नुपर्नेछ । पेश भएका स्कीमहरु मध्ये गाउँ कार्यपालिकाको समितिबाट उपयुक्त स्किमहरुलाई स्वीकृत गरिने छ । स्वीकृत गरिएका स्कीमहरुलाई गाउँ कार्यपालिकाको कार्यालय आर्थिक विकास शाखा(कृषि सेवा इकाई) ले अनुसूची-४ बमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

ङ) अनुदान रकम प्रवाह प्रक्रियाः अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) युवा लक्षित कार्यक्रम संचानको लागि सम्बन्धित गाउँ कार्यपालिकाको कार्यालय आर्थिक विकास शाखा (कृषि सेवा इकाई) को सिफारिसमा अनुदान रकम उपलब्ध गराइने छ ।

ख) हिमाली र पहाडी जिल्लामा प्रति स्कीम बढीमा रु. ५०,०००/- सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

ग) स्कीम स्वीकृति पश्चात् खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयले उक्त कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान रकम उपलब्ध गराउँदा दुई किस्तामा वा एकमुष्ठ अनुदान उपलब्ध गराइनेछ । गाउँ कार्यपालिकाको कार्यालय आर्थिक विकास समितिबाट कार्यक्रम स्वीकृत भई गाउँ कार्यपालिकाको कार्यालय आर्थिक विकास समिति (कृषि सेवा इकाई) सँग सम्झौता भएपछि पहिलो किस्तामा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भएपछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका लागि पेश गर्नु पर्नेछ, तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरकफरक भएको हुनु पर्नेछ । सम्बन्धित गाउँ कार्यपालिकाको कार्यालय वा वडा

कार्यालय,आर्थिक बिकास शाखा (कृषि सेवा इकाई) ले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा आर्थिक बिकास शाखा (कृषि सेवा इकाई) को सिफारिसमा दोस्रो किस्ताको रकम भुक्तानी दिइनेछ । यस्तो अनुदान रकम व्यवसायिक तरकारी खेती गर्न आवश्यक पर्ने वीउ, मल, विषादी, सिल्पोनिक प्लाष्टिक, थोपा सिचाई, मील्चीङ प्लाष्टीक, होर्डिङ्ग बोर्ड, तरकारी उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री आदिमा समेत खर्च गर्न सकिनेछ ।

घ) हिमाली र पहाडी जिल्लाका युवा कृषकहरुले प्रति सिजन ५ रोपनीका दरले २ सिजनमा हिउँदे र वर्षे) तरकारी खेती गर्नु पर्नेछ ।

ङ) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयले अग्रसलता लिई सम्बन्धित युवाहरुद्धारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम संचान पेश भएको स्कीम र सम्झौता अनुसार हुनुपर्नेछ ।

**८.कार्य सम्पन्न प्रतिवेदनः** युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक विकास शाखा (कृषि सेवा इकाई) मा अनुसुची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । आर्थिक विकास शाखा (कृषि सेवा इकाई) ले गाउँ कार्यपालिकाको कार्यालयमा गाउँपालिकामा संचालित युवा लक्षित कार्यक्रमहरुको प्रगति कम्पाईल गरी मासिक, चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

खाँडादेवी गाउँपालिका

## परिच्छेद-३
## युवा लक्षित च्याउ उत्पादन कार्यक्रम सञ्चालन विधि

### ११) युवा लक्षित च्याउ उत्पादन कार्यक्रम छनौटका आधारहरुः

युवा लक्षित च्याउ उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) च्याउ खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

ख) च्याउ खेती व्यावसाय सञ्चालन गर्दा एक पकेट क्षेत्रमा कम्तीमा ८० वटा प्लास्टिक घरमा खेती गर्न क्लष्टरको रुपमा सञ्चालन गरिने छ ।

ग) व्यवसायिक च्याउ उत्पादन कार्यक्रमको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको ५० प्रतिशत भार व्यहोर्नु पर्नेछ । उक्त भार नगद/जिन्सी वा ती वटै श्रोत गरी हुन सक्ने छ ।

घ) महिला, दलित, मुक्त कमैया तथा सामाजिक रुपमा पछाडि पारिएका युवाहरुको हितलाई विशेष प्राथमिकता दिईने छ ।

ङ) च्याउ उत्पादनको हकमा ताजा च्याउ उत्पादन, च्याउको विउ उत्पादनमा प्रस्तवा पेश गर्न सकिने छ ।

च) वातावरण अनुकुलका स्कीमहरुलाई प्रोत्साहित  गरिने छ ।

छ) गाउँ कार्यपालिकाको कार्यालय तथा अन्य सरकारी तथा गैह सरकारी निकायका कार्यक्रमबाट यस्तै प्रकृतिको कामको लागि सहयोग नलिएको स्कीम छनौटलाई प्राथमिकता दिइने छ ।

ज) एक पटक युवा लक्षित कार्यक्रम मार्फत च्याउ उत्पादनमा अनुदान पाएका कृषक सगोलमा रहेका कृषक परिवारलाई पुन अनुदान दिइने छैन ।

झ) झनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

## परिच्छेद ४
## विविध

**१५. अनुगमन तथा मुल्याङ्कन व्यवस्था**

गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालय/ गाउ कार्यपालिकाको कार्यालयको आर्थिक बिकास शाखाकृषि सेवा इकाई) बाट आवश्यक अनुसार नियमित अनुगमन गरिने छ । आर्थिक बिकास शाखा(कृषि सेवा इकाई) ले अनुगमन तथा मुल्याङकनको प्रतिवेदन सम्वन्धित गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**१६.** कार्यवाहीको व्यवस्था  प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

**१७.** प्रचलित कानुन लागु हुने  युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयनमा हुनेछ ।

**१८. कार्यविधि संशोधन तथा परिमार्जनः** गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

**१९. विमा :** हरेक युवा लक्षित स्कीमल सम्भाव्यताको आधारमा विमा गराउनु पर्नेछ । युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बमोजिम भए गरेका काम कारवाहिहरु यसै कार्यविधि बमोजिम भए गरिने मानिने छ ।

खाँडादेवी गाउँपालिका

## अनुसुची १

## तरकारी खेती/ च्याउ खेती सम्वन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

### सुचना! सुचना!! सुचना!!!

यस कार्यालयको आ.ब. २०.................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई तरकारी खेती /च्याउ खेती सम्वन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगा प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखि ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार /वेरोजगार युवा /युवतीहरुबाट दरखास्त आब्हानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु होला। पुनश्नः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचना द्धारा सुचित गरिन्छ।

तपशिल

१. अनुसुचि २ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु

## अनुसुची २

### तरकारी खेती/ च्याउ खेती सम्वन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
खाँडादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
माकादुम, रामेछाप ।

बिषयः युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराईदिने वारे ।

महोदय, मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ...................... कार्य गर्न तिव्र इच्छा भएकोले निम्नाअनुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पुनश्त तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१ अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३ फर्म समुह समिति सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक

४ अन्य प्रमाणित प्रमाण पत्रहरु तालिम, शैक्षित योग्यता) आदिका प्रतिलिपीहरु

५ वैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि

६ समुह समिति सहकारीका सदस्यको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको

नाम

दस्तखत

ठेगाना

फोन नं.

खाँडादेवी गाउँपालिका

## संघ सस्थाको सिफारिस

यस........................................ संघ सस्था सहकारकिो मिति ....................................को निणर्य अनुसा निवेदनकर्तालाइ.............................. कार्यको लागि यस...................... को जमानतमा माग गरे बमोजिमको रु. .................................. अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौ ।

**सिफारिसि गर्ने पदाधिकारीको**

नाम
पद
दस्तखत
मिति
संघ सँस्थाको नाम र ठेगाना
सम्पर्क नं.
संस्थाको छाप

खाँडादेवी गाउँपालिका

## अनुसुची ३

## तरकारी खेती/ च्याउ खेती सम्वन्धि सम्वन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम र थर ....................................................

ठेगाना ....................गाउँटोल ....................वार्ड नं. .................... गाउँपालिका.................... जिल्ला....................

संचालन गर्न खोजेको ....................सम्वन्धि व्यवसाय र स्थान

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी.................................. आफ्नो लगानी .................................. आफ्नो पारिवारिक श्रम ..................................

व्यवसायबाट उत्पादन हुने वस्तु .................................. उत्पादित कृषि वस्तुको परिमाण .................................. बजारयोग्य परिमाण..................................

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/गाउ टोल ........................... वडा नं. ...... गाउँपालिका/जिल्ला..................

व्यवसाय संचालन गरिने स्थान

संचालन गरिने कार्य विवरण

| क.स | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि ........... निरन्तर गरिरहेको ? वर्ष महिना

व्यवसायको लागि श्रमको व्यवस्थापन क) पारिवारिक ख) वाहिरबाट ग) दुवै

तर्फबाट सहि गर्ने

संस्थाको छाप संस्थाको हकमा

नाम

पद

दस्तखत

मिति

खाँडादेवी गाउँपालिका

## अनुसुचि ४

## तरकारी खेती/ च्याउ खेती सम्वन्धि कार्यक्रम संचालनको लागी गरिने

## सम्झौता पत्र

खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय निर्देशनालय व्यवसायिकबाट आर्थिक विकास समिति (कृषि सेवा इकाई) मार्फत संचालन गरिने चालु आ.ब. ................. को स्वीकृति युवा लक्षित ........................ कार्यक्रम संचालन गर्न आर्थिक विकास समीति (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री सुश्री श्रीमति ............. यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता सहमति भएको छ।

१ पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा कार्यविधि अनुसारको सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२ दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफुले आवेदन गरे अनुसारको .................... व्यवसाय संचालन गर्नेछ ।

३ पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४ यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने पनि प्राकृतिक प्रकोप/ अवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वय आफै हुनेछ ।

५ यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| जिल्ला कृषि कार्यालयको तर्फबाट | युवा उद्यमी वा संस्थाको तर्फबाट |
| सहि गर्ने को | सहि गर्ने को |
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यालयको छाप | कार्यालयको छाप |
| सम्पर्क नं | सम्पर्क नं |

खाँडादेवी गाउँपालिका

## अनुसुची ५

## तरकारी खेती/ च्याउ खेती सम्वन्धि कार्यक्रमको प्रगति विवरण पठाउने

## फारमको ढाँचा

१ उद्यमी कृषकको
२ संचालित व्यवसायको  नाम  नाम
ठेगाना ठेगाना

३ आ.ब.                    ४ प्रगति प्रतिवेदनको अवधी : चौमासिक/बार्षिक

| क.स | | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आइ परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य

१......... २..............३......................

युवा उद्यमीको नाम          दस्तखत          मिति          ठेगाना

खाँडादेवी गाउँपालिका

# अनुसुची ६

## तरकारी खेती/ च्याउ खेती सम्वन्धि कार्यक्रमको प्रस्ताव मुल्याङकन फारम

| क्र.स | द.नं. | आवेदनको नाम | ठेगाना | मुल्याङकन (१०० पुर्णाङमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीले व्यवसाय प्रतिको अनुभव/तालिम ३० | पेश गरेको कार्ययोजना ४० | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयक्त १५ | वास्तविक लक्षित वर्ग १५ | कुल प्राप्ताङक १०० |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१

२

३

खाँडादेवी गाउँपालिका

## अनुसुची ७
## तरकारी खेती/ च्याउ खेती कार्यान्वयन कार्यविधि , २०७६ को प्रस्ताव मुल्याङ्कन फारम

| क्र.स | द.नं. | आवेदनको नाम | ठेगाना | मुल्याङकन (१०० पुर्णाङमा गर्ने) | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्लष्टरमा समावेश भए नभएको ३० | पेश गरेको कार्ययो जना ४० | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयक्त १५ | वास्तविक लक्षित वर्ग १५ | कुल प्राप्ताङक १०० | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति:

१

२

३

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७५।१२।१०**

**प्रमाणीकरण मिति: २०७५।१२।२०**

**आज्ञाले,**

**विष्णु प्रसाद सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



मूल्य रू.१०।-